आज मिति २०७६ साल बैशाख १५ गते आइतवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख श्री देवीलाल गौतम ज्युको अध्यक्षतामा बैठक बसी तपशिलका प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

## तपशिल

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | देवीलाल गौतम | नगर प्रमुख | |
| २ | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३ | विरवल केसी | कार्यपालिका सदस्य | |
| ४ | काशीराम खड्का | ,, ,, | |
| ५ | भिमवहादुर खड्का | ,, ,, | |
| ६ | निर्मलकुमार पुन | ,, ,, | |
| ७ | शुसिल गौतम | ,, ,, | |
| ८ | वसन्त गौतम | ,, ,, | |
| ९ | हिमवहादुर पाण्डे | ,, ,, | |
| १० | बद्धिप्रसाद बुढा | ,, ,, | |
| ११ | नविन ओली | ,, ,, | |
| १२ | गोपेश्वर केसी | ,, ,, | |
| १३ | पदमबहादुर पुन | ,, ,, | |
| १४ | प्रेमबहादुर ओली | ,, ,, | |
| १५ | दिपक केसी | ,, ,, | |
| १६ | भिमवहादुर विष्ट- | ,, ,, | |
| १७ | धिरन सिर्पाली | ,, ,, | |
| १८ | शसीराम परियार | ,, ,, | |
| १९ | पवित्रा कामी | ,, ,, | |
| २० | जानकी केसी खड्का | ,, ,, | |
| २१ | कमला बुढा पुन | ,, ,, | |
| २२ | चम्फा परियार | ,, ,, | |
| २३ | मिना बिक | ,, ,, | |
| २४ | यामकुमारी नेपाली | ,, ,, | |
| २५ | माधव प्रसाद शर्मा | सचिव | |
| २६ | ताकुको इरवजी | का.आ. ,, | |

आमन्त्रीत:

१. नरबिर खड्का (शाखा अधिकृत) मुसीकोट नगरपालिका, रुकुम (पश्चिम)
२. केदार शर्मा (सह लेखापाल) मुसीकोट नगरपालिका, रुकुम (पश्चिम)
३. यमा केसी (नायव सुब्बा) मुसीकोट नगरपालिका, रुकुम (पश्चिम)
४. धनकुमार शाही (क.अ.) मुसीकोट नगरपालिका, रुकुम (पश्चिम)

**निर्णय नं. १**

हाल नगरपालिकाको नाम र स्वामित्व रहेको भवन  तथा जग्गा अपर्याप्त रहेको र संघीय संरचनापछि सार्वकिकमा रहेका कार्यालयहरुको जग्गा र भवन प्रयोग विहिन भएकोले तपशिल बमोजिमका जग्गा तथा सोमा बनेका संरचनाहरु नगरपालिकाको नाममा ल्याउने विषयमा संघीय सरकार र प्रदेश सरकार संग आवश्यक पहल गर्ने निर्णय गरियो ।

**तपशिल:**

क. जनकपुर चुरोट कारखानाका नाममा मु.न.पा. ५ मा रहेको कि.नं. ११२८  क्षेत्रफल १५१० वर्ग मिटर भएको जग्गा

ख. जिल्ला भू–संरक्षण कार्यालय रुकुमको नाममा मु.न.पा. ५ मा रहेको कि.नं. ६२३ र ६४८ र क्षेत्रफल क्रमश: २५९७५ र २८८।५ वर्ग मिटर भएको जग्गा

ग. हाल मुसिकोट नगरपालिकाको कार्यालय रहेको साविक जिल्ला कृषि विकास कार्यालय रुकुमको नाममा मु.न.पा. ५ मा रहेको कि.नं.७१० र ७२९  क्षेत्रफल क्रमश: ८०७।५ र ३६२२।५ वर्ग मिटर भएको जग्गा र सो जग्गामा बनेको भवन तथा अन्य संरचनाहरु

**निर्णय नं. २**

अघिल्लो कार्यपालिकाको बैठकमा पेश भएका मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी  विद्येयक २०७६ मा रहेको मदिरा विक्री वितरणका लागी दुरी ३०० मिटर कायम गर्ने, खाने समय वेलुका ५ बजेदेखी राति ८ बजेसम्म, व्यवसाय गर्न र मदिरा सेवन गर्न पाउने उमेर २५ वर्ष कायम गर्ने सुझाव सहित उक्त विद्येयक नगरसभावाट पारित गराउन सिफारिस गर्ने र सुशासन (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७६, एम्वुलेन्स सेवा संचालन निर्देशिका २०७६, नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्वन्धि कार्यविधि २०७६ सामान्य परिमार्जन सहित स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकाका कर्मचारी तथा अतिथिको आवासका लागी व्यवस्थापन गर्न र  कार्यालयको छतमा रहेको ट्रसमा वाइरिङ्ग,फरनिसिङ्ग,सिलीङ्ग राख्ने एवं शौचालय निर्माण गर्ने  सोका लागि आवश्यक बजेट ल्याव उपकरण खरिद शिर्षकबाट रकमान्तर गरि खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिका भित्रका तपशिल वमोजिमका सडकहरुको स्थलगत अध्ययन,श्रोत र प्राथमिकताका आधारमा  वृहत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो

वडा  नं. १ सल्ले– कैलदेउ –गिलवाङ्ग – छिङः माथिगाउँ

वडा नं. २ सल्ले –भुर्सुलि– सिस्नेखोला –राउखेत– जैरामपुर– गाराघाट

वडा नं. ३ छेरा –धैरेनीचौर– पिपलनेटा

वडा नं. ४ कोटचौतारा–जुगेनावगर

वडा नं. ५ मध्यपहाडि– फुलपाती– पिपल रुख– पाण्डे काष्ठ उद्योग– टटेला– क्याम्पस रोड

वडा नं. ६ मध्यपहाडि– सुवाखोला– माथिल्लो मेल्चौर– वसिवाङ्ग– पोखरा

वडा नं. ७ निलपोखरी– जगदेउछहरा– काउलेनी– रोटिपानी– उचाल्ने सडक

वडा नं. ८ रिनदह– गर्पा– चुन्वाङ्ग

वडा नं. ९ झुल्खेत– चौखावाइहोल– खर्सुपानी
वडा नं. १० डाडा– साउनेपानी– कामीवुढा स्मृतिपार्क (खर्सुपानी)– चौर हुदै माथिल्नो टिला
वडा नं. ११ वैरागीठाटि– पाछिवाङ्– गारसाजा हुदै वडाकार्यालय सम्म
वडा नं. १२ दोमानखोला– कासपोखरी– खारकोट– सेरेङहुदै त्रिवणी ७
वडा नं. १३ छेरावगर– डाडाछिवाङ्ग– हाइवाङ्ग– टोट्के– दोपाई
वडा नं. १४ पाखेस्वारा– कुमालगाँउ– स्वगर– सतिपोले

**निर्णय नं. ५**

सञ्चार तथा पुर्वाधारमा रहेको बजेटले प्राथमिकता बमोजिम बत्ति तथा सोलारको समेत व्यवस्था नभई कार्यसञ्चालनमा अप्ठेरोमा रहेका वडाहरुमा सोलार व्याकअप राख्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लक्षित वर्ग अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा मिति २०७६।०१।०९ को निर्णय अनुसार युवा लक्षित वर्गको वजेटबाट वडा नं. ४ मा दाना उद्योग सञ्चालन गर्न कार्यविधि वनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिका अन्तर्गत रहेका विभिन्न विषयगत क्षेत्रबाट हाल सम्म भएगरेका कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगतिको विवरण नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरभित्र भैरहेका विकास निर्माण कार्यहरु र प्रदेश समेतका यस नगरपालिकाभित्र सञ्चालीत विकास योजनाहरु विद्यमान प्राविधिक जनशक्तिले कार्यसम्पादन गर्न नसक्ने भएकोले आवश्यकता अनुसार दक्ष अनुभवी र स्थानीयलाई प्राथमिकता दिइ सम्वन्धित आयोजनाको कन्टेन्जेन्सिबाट खर्च लेख्ने गरि कर्मचारी राख्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगर भित्रका स्थानीय कला संस्कृति जात्रा, पर्व र नगरका बार्षिक कार्यक्रमहरुलाई समेट्ने गरी भित्तेपात्रो निर्माण गर्न वडा कार्यालयहरुसँग समन्वय गरी उक्त कार्यका लागी ना.सु. श्री यमा के.सी. र कम्प्युटर अपरेटर श्री धनकुमार शाहीलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

राजश्व परिचालन र सम्भाव्यता अध्ययनका लागी नगर तथा वडा स्तरमा तपशिल अनुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल :**

**नगरस्तरमा**

१.नगर उपप्रमुख – संयोजक
२.विषयगत समितीका संयोजकहरु – सदस्य
३.विषयगत शाखाका शाखाप्रमुखहरु– सदस्य
४.आर्थिक विकास शाखाप्रमुख – सदस्य सचिव

**वडा स्तरमा**

१.वडाअध्यक्ष – संयोजक

२.वडा सदस्यहरु– सदस्य

३.स्थानीय बुद्धिजिवी, शिक्षक, व्यापारी मध्येवाट २ जना – सदस्य

४.वडा सचिव – सदस्य सचिव

**निर्णय नं. ११**

वडा स्तरवाट हुनसक्ने र वडामा विनियोजित स–साना कार्यक्रम सम्वन्धमा २ लाख सम्मका योजनाहरुको सम्झौता र कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मा वडा समितिको सिफारिसका आधारमा सम्वन्धित शाखा सँग समन्वय गरि वडा सचिवहरुलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरपालिकाका वडाहरुबाट आगामी आ.व.का लागी योजना तर्जूमाकालागी आ–आफ्नो वडाका टोल तथा वस्तीस्तरबाट योजना प्राथमीकरण गरी वैशाख मसान्तभित्र सम्वन्धित वडा कार्यालयहरुमा संकलन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

पदाधिकारिको सुविधा सम्वन्धमा आन्तरिक स्रोतबाट सुविधा लिने गरी चालु आ.व.मा वजेट विनीयोजन भएकोमा नपुग बजेट रकमान्तर गरी हालसम्मको सुविधा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

जनविकास पुस्तकालय सञ्चालनका लागी र वालमन्दिर मर्मत सम्भारका लागी विनीयोजित गरीएको रकम जनविकास पुस्तकालय भवन निर्माणको कार्यमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

नेपाल शिक्षक महासंघ मुसिकोट नगर समिति रुकुमले पेश गरेको प्रस्ताव माग बमोजिमको कार्यक्रमको लागि रु.१,५०,०००। अक्षरुपी (एक लाख पचास हजार) रकम दरवन्दी नभएका विद्यालयमा प्राथमिक,निम्न माध्यामिक र माध्यामिक शिक्षक दरवन्दि तथा व्यवस्थापन सहयोगमा विनियोजित रकमबाट नगर शैक्षिक सुधार कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिकाबाट यस आ.व.मा सञ्चालन गरिने कार्यक्रम अन्तर्गत विनियोजित गरिएका तपशिल वमोजिमका कार्यक्रमहरु बाट निम्न अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

क. वडा नं. ४ को कार्यक्रम अन्तर्गत माथिगाँउ सिचाई मर्मत मा विनियोजित ५ लाख बाट बाकी २ लाख ५० हजार मध्यपहाडि वलीडेरा गोरेटो बाटो निर्माणमा रकमान्तर गर्ने

ख. वडा नं. ८ मा विपद व्यवस्थापनका लागी विनीयोजित रकम रु १०००००। बाट फलफुलका बेर्ना खरिद गर्ने कार्यक्रममा रकमान्तर गर्ने ।

ग. वडा नं. ११ का लागी ज्येष्ठ नागरिक सम्मान तर्फ विनियोजित रु ५६०००। र महिला क्षमता विकास तर्फ विनीयोजित रकम रु ५६०००। मध्येबाट वृहत्त सास्कृतिक सम्मेलनमा सहभागी हुदाँ किनेको आवश्यक पोषाक लगायत सहभागी हुदाँ लागेको यातायात, खाना, वास खर्चका लागी रकमान्तर गर्ने ।

वडा नं. ११ को कार्यक्रम अन्तर्गत वैरागीठाँटे रुप्से, कौछे वडा कार्यालयसम्म सडक निर्माण तर्फ विनीयोजित बजेटबाट सडक मर्मत तथा सरसफाईका लागी रकमान्तर गर्ने

ङ. मुसीकोट नगरपालिका वडा नं. ३ मा रहेको मुसीकोट स्वास्थ्य चौकीमा स्वच्छता परीयोजनाबाट **खानेपानी मर्मत तथा गुणस्तर सुधार सम्वन्धि निर्माण** कामका लागी मुसीकोट हे.पो विकास समिति ( वडा नं. ३ ) मा वडा परिषद तथा नगर परिषदबाट पारित भएको निम्न योजना तथा कार्यक्रमबाट रकमान्तर गर्ने ।

तपशिल :

१ सीपमुलक तालिम पिपलनेटा रु ४५,०००।

२. ठाकुरवारा खानेपानी मर्मत पिपलनेटा रु ४०,०००।

३. टाकुरा माथिगाउ खानेपानी माछिमी रु.१,००,०००।

४. नहर माछिमी जाने सिचाई नहर देखी चीर गाउँसम्म तारजाली तटवन्ध रु ३६,०००। गरी जम्मा रु २,२१,०००। (दुई लाख एक्काइस हजार )

ङ वडा नं. १२ को जुम्लावाङ वुगेरी हुदैं त्रिवेणी ७ जोड्ने सडकका लागी रकम रु ३,००,०००। -तिन लाख विनियोजन गर्ने नगर गुरुयोजना तर्फ बचेको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

च. वडा नं १ मा रहेको युवा विकास केन्द्र भवन निर्माणका लागी विनीयोजित रकम रु २५००००। - दुई लाख पचास हजार लाई पाखाडेरा रावलवारा गोरेटो बाटो निर्माणमा रकमान्तर गर्ने ।
वडा नं. १ को कैनापानी खानेपानी मर्मत र छरिखोला पारीवन खानेपानी मर्मत छिङ का लागी विनीयोजित रकम रु ५,००,०००। लाई कैनामुहानबाट खानेपानी विस्तार गर्ने कार्यक्रममा रकमान्तर गर्ने ।

**निर्णय नं. १७**

समपुरक अनुदान प्राप्त भएका रातापहर, भलाक्चा, सडक खण्ड र चौतारा दोपाई बाघखोर सडक एकपटक ठेक्काभई सम्झौता को चरणमा रहेको र वाँकी वजेटलाई १५ दिनको सूचना जारी गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।